# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, चैत २४ गते २०५९ साल (संख्या ५१


## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी खण्ड ५१, सङ्ख्या ३३, मिति २०५८ साल मङ्सिर २५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम थप गरिएका सोही नियमहरूको अनुसूची-१ को क्रमसङ्ख्या ४ मा रहेका "भन्सार सञ्चार प्रणाली अधिकृत" र "भन्सार सूचना प्रणाली अधिकृत" तथा क्रमसङ्ख्या ५ मा रहेको "भन्सार सूचना प्रणाली सहायक" पदनामहरू खारेज गरेको छ ।

आज्ञाले,
नरेन्द्रकुमार श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी पोखरा विश्वविद्यालयका औषधी विज्ञानका छात्र-छात्राहरूलाई व्यावहारिक ज्ञान दिलाउन स्विट्जरल्यान्डको **Cilag A.G., Schaffhausen Pharmaceutical Formation Department** बाट उपहारस्वरूप प्राप्त हुने अमेरिकी डलर ५,०००.०० मूल्य बराबरको **Beta Press T 16** मेसिन आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रहीन सङ्घलाई **Norwegian Association of the Blind and Partially Sighted (NABP), Norway** ले ब्रेलो नर्वे कम्पनीमार्फत अनुदानस्वरूप उपलब्ध गराउने **NOK** २,६०,०००.०० (अमेरिकी डलर ३७,०००.००) मूल्य बराबरको ब्रेल इम्बोसरमा लाग्ने भन्सार महसुल छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई **International Centre for Diarrhoeal Disease Research, Bangladesh** ले सहयोगस्वरूप उपलब्ध गराउने अमेरिकी डलर ७५६०.०० मूल्य बराबरको **-86 Freezer** नामक उपकरणमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६

# भाग ४

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५९।११।१६ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको पदेन सदस्य र सदस्य-सचिवमा देहायका पदाधिकारी-हरूलाई तोकेको छ ।

१. सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय —सदस्य

२. रजिस्टार, सर्वोच्च अदालत —सदस्य

३ सचिव, नेपाल कानून सुधार आयोग —सदस्य-सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०५९।११।२६ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको पदेन सदस्यमा देहायका पदाधिकारीहरूलाई समेत तोकी उक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम निर्धारण गरेको छ ।

(क) आयोगका पदेन सदस्यहरू

(१) सचिव, न्यायपरिषद्

(२) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

(ख) आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(१) कुनै विषयमा नयाँ कानून निर्माण गर्ने वा भइरहेका कानूनको संशोधन गर्ने सम्बन्धमा मसौदा गर्ने तथा श्री ५ को सरकार-लाई परामर्श दिने,

(२) तर्जुमा गरिने कानूनका सम्बन्धमा गोष्ठी, सेमिनार, अन्तर-क्रिया गर्ने तथा परामर्श सेवा लिनुको साथै आवश्यकतानुसार आयोगका पदाधिकारी समेत भएको वा नभएको कार्यदल वा कार्यटोली गठन गरी मसौदा तर्जुमा गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३८

(३) प्रचलित कानूनहरूको पुनरावलोकन गर्ने र त्यसमा हुनुपर्ने सुधारका सम्बन्धमा समय-समयमा श्री ५ को सरकारलाई सुझाव दिने,

(४) नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बनाउन बाँकी रहेका कानूनहरूको मसादा गरी श्री ५ को सरकार समक्ष पेस गर्ने,

(५) श्री ५ को सरकारले तोकिदिएको विषयमा कानूनको संहिताकरण गरी मसौदा तयार गर्ने,

(६) कानून निर्माण, संहिताकरण तथा कानून कार्यान्वयनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, गराउने,

(७) श्री ५ को सरकारले समय-समयमा तोकिदिएका अन्य कार्य गर्ने ।

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकले लोकसेवा आयोगको सिफारिसमा महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक (विशेषज्ञ) पदमा थुम्वेदिन-५, ताप्लेजुङका श्री महेशकुमार गुरागाईंलाई २०५६ साल फागुन २९ गतेदेखि नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
उपमहालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225